MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं
MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED
Maharajgunj, Kathmandu

प.लि.नं. १२४५/०६७/६८

प.सं.०८०/८१ च.नं. ३२१

मितिः २०८०।०७।२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषयः आ.व.२०८०।०८१ को प्रथम त्रैमासिक प्रतिवेदन पठाइएको बारे।

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित अनुसूची-१४ मुताबिकको यस कम्पनीको आ.व.२०८०।०८१ को प्रथम त्रैमासिक प्रतिवेदन तहाँको जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ । साथै, सर्वसाधारणको जानकारीको लागि मिति २०८०।०७।२३ (आज) को "आर्थिक राष्ट्रिय दैनिक" मा समेत यस विवरण प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

(राम गोपाल शिवाकोटी)
प्रमुख कार्यकारी अधिकृत

फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्सः ४७२१६४३
ई मेलः admin@mbjcl.com.np
पो.ब.नं. २३५९९ काठमाडौं ।
Web Site : www.mbjcl.com.np

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# Madhya Bhotekoshi Jalavidyut Company Ltd.
## Maharajgunj, Kathmandu

### Statement of Financial Position (Unaudited) as on 30th Asoj 2080 (1st Quarter of FY 2080/81) (17th Oct, 2023)

*(Rs.'000)*

| Particulars | 2080.06.30 (17.10.2023) | 2080.03.31 (16.07.2023) | 2079.06.31 (17.10.2022) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 469,747.72 | 471,099.15 | 474,180.76 |
| Capital Work-in-Progress | 17,100,520.19 | 16,248,844.51 | 13,037,315.21 |
| **Total Non-Curent Assets(A)** | **17,570,267.91** | **16,719,943.66** | **13,511,495.97** |
| **Current Assets** | | | |
| Inventory | 817.23 | 817.23 | 588.55 |
| Advances, Deposits and other receivables | 51,194.23 | 72,996.52 | 183,529.33 |
| Investment in Term Deposits. | - | 210,000.00 | 220,000.00 |
| Cash and Cash Equivalents | 1,000,498.26 | 55,506.68 | 58,252.47 |
| **Total Current Assets (B)** | **1,052,509.73** | **339,320.43** | **462,370.35** |
| **Total Assets (A+B)** | **18,622,777.63** | **17,059,264.08** | **13,973,866.31** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 6,000,000.00 | 6,000,000.00 | 6,000,000.00 |
| Retain Earnings | (400,713.35) | (393,349.39) | (365,300.95) |
| **Total Equity (C)** | **5,599,286.65** | **5,606,650.61** | **5,634,699.05** |
| **Non-Current Liabilities** | | | |
| Long-term Liabilities(EPF) | 12,557,533.88 | 11,005,639.30 | 8,013,768.94 |
| **Total Non-current Liabilities (D)** | **12,557,533.88** | **11,005,639.30** | **8,013,768.94** |
| **Current Liabilities** | | | |
| Provisions | 3,153.51 | 3,185.56 | 2,646.61 |
| Trade and Other Payables | 462,803.60 | 443,788.63 | 322,751.71 |
| **Total Current Liabilities (E)** | **465,957.11** | **446,974.18** | **325,398.32** |
| **Total Equity and Liabilities(C+D+E)** | **18,622,777.63** | **17,059,264.08** | **13,973,866.31** |

MBK JCL
ESTD.2010
पेज नं. १/६
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**Madhya Bhotekoshi Jalavidyut Company Ltd.**
**Maharajgunj, Kathmandu**

## Statement of Financial Position (Unaudited) as on 30th Asoj 2080 (1st Quarter of FY 2080/81) (17th Oct, 2023)

*(Rs.'000)*

| **Particulars** | **2080.06.30 (17.10.2023)** | **2080.03.31 (16.07.2023)** | **2079.06.31 (17.10.2022)** |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant & Equipment | 469,747.72 | 471,099.15 | 474,180.76 |
| Capital Work-in-Progress | 17,100,520.19 | 16,248,844.51 | 13,037,315.21 |
| **Total Non-Curent Assets(A)** | **17,570,267.91** | **16,719,943.66** | **13,511,495.97** |
| **Current Assets** | | | |
| Inventory | 817.23 | 817.23 | 588.55 |
| Advances, Deposits and other receivables | 51,194.23 | 72,996.52 | 183,529.33 |
| Investment in Term Deposits | - | 210,000.00 | 220,000.00 |
| Cash and Cash Equivalents | 1,000,498.26 | 55,506.68 | 58,252.47 |
| **Total Current Assets (B)** | **1,052,509.73** | **339,320.43** | **462,370.35** |
| **Total Assets (A+B)** | **18,622,777.63** | **17,059,264.08** | **13,973,866.31** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 6,000,000.00 | 6,000,000.00 | 6,000,000.00 |
| Retain Earnings | (400,713.35) | (393,349.39) | (365,300.95) |
| **Total Equity (C)** | **5,599,286.65** | **5,606,650.61** | **5,634,699.05** |
| **Non-Current Liabilities** | | | |
| Long-term Liabilities(EPF) | 12,557,533.88 | 11,005,639.30 | 8,013,768.94 |
| **Total Non-current Liabilities (D)** | **12,557,533.88** | **11,005,639.30** | **8,013,768.94** |
| **Current Liabilities** | | | |
| Provisions | 3,153.51 | 3,185.56 | 2,646.61 |
| Trade and Other Payables | 462,803.60 | 443,788.63 | 322,751.71 |
| **Total Current Liabilities (E)** | **465,957.11** | **446,974.18** | **325,398.32** |
| **Total Equity and Liabilities(C+D+E)** | **18,622,777.63** | **17,059,264.08** | **13,973,866.31** |

MBK JCL
ESTD.2010 पेज नं. १/६
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८०।०८१ को प्रथम त्रैमासिक प्रतिवेदन।**

**१. वित्तिय विवरण :**

(क) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :

प्रतिशेयर आम्दानी रु.(०.४९) (वार्षिकीकरण गरिएको), प्रति शेयर नेटवर्थ रु.९३.३२, प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.३१०.३८ र तरलता अनुपात २.२६ रहेको।

कम्पनीमार्फत हुने खर्चहरू मध्ये कम्पनीको केन्द्रीय कार्यालयमा हुने प्रशासनिक खर्चलाई नाफा/नोक्सान हिसाबमा देखाउने र आयोजनामा भएको खर्चलाई पूँजीकरण गरी चालू पूँजिगत कार्यमा देखाउने गरिएको छ। साथै व्याज तथा अन्य जुनसुकै तरिकाबाट हुने आम्दानीलाई पनि नाफा/नोक्सान हिसाबमा आय स्वरूप देखाउने गरिएको छ। जस अनुसार कुल आम्दानीबाट कम्पनीको कर्पोरेट कार्यालयमा भएको प्रशासनिक खर्च घटाउँदा आउने फरकलाई नाफा/नोक्सानमा देखाउने गरिएको छ। चुक्ता पूँजीबाट वासलातमा देखाइएको सञ्चित नोक्सानीलाई घटाएर आएको रकमलाई शेयर कित्ताले भाग गर्दा आउने भागफललाई नेटवर्थ मानिएका कारण शेयरको किताबी मूल्य रू.१००।- बाट घट्न गई रू.९३.३२ पुग्न गएको छ। यसै गरी समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको नोक्सानीलाई शेयर संख्याले भाग गरी आउने रकमलाई प्रति शेयर आम्दानी मानिएकोले प्रति शेयर आम्दानी नकारात्मक देखिएको छ। आयोजना सञ्चालनमा आए पछि भने प्रतिशेयर आम्दानी तथा नेटवर्थ दुबै वृद्धि हुनेछ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको व्याज रकमलाई चालू पूँजिगत खातामा देखाइएको छ भने साँवा व्याज गरी कुल रकमलाई दिर्घकालीन कर्जामा देखाइएको छ। सञ्चय कोषले प्रत्येक तीन/तीन महिनामा व्याजलाई पूँजिकरण गर्ने गर्दछ।

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) यस कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रबिसे नगरपालिका (तत्कालीन मार्मिङ र गाती गा.वि.स.) भएर बग्ने भोटेकोशी नदीको जलसम्पदा प्रयोग गरी १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको कार्य अगाडि बढाएको छ। उक्त आयोजनाका कामहरूलाई मुख्यत: तीन भागमा विभाजन गरी निर्माणको चरणमा लगिएको र सोही अनुसार कार्य अगाडी बढाइएको छ। कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भएनुसारका सम्पूर्ण ६ करोड कित्ता शेयरहरु जारी गरी रु.६ अर्ब पूँजी संकलन भई आयोजनामा लगानी भई सकेको छ। यस कम्पनी अन्तर्गत एउटा मात्र आयोजना रहेको र उक्त आयोजना निर्माणको चरणमा रहेको हुनाले खास आम्दानी भएको छैन। मौज्दात भएका छोटो अवधिका लागि विभिन्न बैंकहरूमा मुद्दति खाता खोली सो वापत प्राप्त रकमलाई व्याज आम्दानी र टेण्डर फर्म बिक्री र यस्तै प्रकृतिबाट प्राप्त हुन आएको रकमलाई अन्य आम्दानी अन्तर्गत राखिएको छ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

मध्य भोटेकोशी जलविद्युत आयोजनाका सिभिल तथा हाइड्रो मेकानिकल कार्यका चिनियाँ ठेकेदारका नेपाली स्थानीय प्रतिनिधि श्री माउण्ट एभरेष्ट कर्पोरेट कम्पनी प्रा.लि.ले उक्त ठेकेदार कम्पनीसँगको विवादका कारण यस कम्पनीलाई समेत विपक्षी बनाई सम्मानित श्री काठमाडौं जिल्ला अदालतमा दिएको मुद्दा अदालतले मिति २०८०।०५।२५ मा खारेज गरिदिएको छ।

MBK JCL
ESTD.2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन् । हाल यस कम्पनी अन्तर्गतको मध्य भोटेकोशी जलविद्युत आयोजनाका विभिन्न कामहरू सन्तोषजनक तरिकाले अगाडि बढिरहेकोले गर्दा यसको सकारात्मक असर शेयर बजारमा पनि देखिएको छ । यस त्रैमासिक अवधिको शुरुमा रु.३१३ मा कारोबार भएकोमा समग्र शेयर बजारमा आएको उतार चढावको कारण यस कम्पनीको शेयर मूल्यमा पनि सोही अनुसार असर पर्न गएकोले यस अवधिको अन्तिममा रु.२५६ मा कारोबार भएको देखिन्छ । कम्पनी अन्तर्गतको मध्य भोटेकोशी जलविद्युत आयोजनाको सम्पूर्ण निर्माणका कामहरू सम्पन्न भै आयोजना सञ्चालनमा आए पछि कम्पनीले दिन सक्ने आकर्षक प्रतिफलका कारण शेयर कारोवारमा पनि सकारात्मक असर देखिने हुँदा व्यवस्थापन पक्ष सम्बन्धित लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ ।

**(ख) त्रैमासिक अवधिको सेयर कारोबार सम्बन्धी विवरण :**

| शेयरको अधिकतम मूल्य (रू.) | शेयरको न्यूनतम मूल्य (रू.) | शेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या | कारोबार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ३१९ | २५१.४० | २५६ | ६१ | २४,३२१ | ९,०९,८७० |

**५. समस्या र चुनौती :**

यस कम्पनी अन्तर्गत निर्माणाधीन आयोजनाको निर्माण कार्य विभिन्न चरणमा अगाडि बढिरहेकोमा २०७१ श्रावणमा आएको सिन्धुपाल्चोकको जुरे पहिरो, २०७२ वैशाखमा आएको विनाशकारी महाभूकम्प, २०७२ आश्विनदेखि नेपाल भारत सीमा नाकामा भएको अवरोध, २०७३ आषाढमा भोटेकोशी नदीमा आएको बाढी, विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम एवं नियन्त्रणको लागि नेपाल सरकारद्वारा विभिन्न मितिमा जारी गरिएको लकडाउन एवं निषेधाज्ञा तथा तत्पश्चात २०७७ आषाढ २४ गते राती पुन: आयोजना निर्माणस्थल वरपर भोटेकोशी नदी एवं आसपासको क्षेत्रमा आएको बाढी-पहिरोले इलेक्ट्रोमेकानिकल कार्यको ठेकेदारले गातीमा स्टोर गरेर राखेको अधिकांश उपकरणहरु बगाएको कारण आयोजनाको मुख्य ठेकेदार कम्पनीबाट निर्धारित कार्यतालिका अनुरुप आयोजना निर्माण कार्यमा अपेक्षित प्रगति हासिल हुन सकेको थिएन । उक्त ढिलाईका असरहरुको मूल्यांकन गरी कम्पनी व्यवस्थापन, आयोजनाका मुख्य ठेकेदार कम्पनीहरु र परामर्शदाताको संयुक्त प्रयासमा आयोजना निर्माण सम्बन्धीका सिभिल निर्माण, इलेक्ट्रोमेकानिकल तथा प्रशारण लाइन निर्माण लगायतका कार्यहरुले हाल भने अपेक्षित रुपमा गति लिएको छ ।

निर्माणाधीन आयोजनाको निर्माण सम्पन्न मिति पछि सर्दै जाँदा एकातिर आयोजना लागत वृद्धि हुने र अर्कोतिर विद्युत विक्री आम्दानी पनि सृजना नहुने अवस्थामा कम्पनीले आर्थिक रूपमा नोक्सानी व्यहोर्नु पर्ने कुरालाई दृष्टिगत गरी आयोजनाको निर्माण कार्यलाई सम्पन्न गर्न कम्पनीले आफ्नो पुरै ध्यान केन्द्रित गरेको छ ।

उल्लेखित आयोजना तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गरी सञ्चालनमा ल्याई नेपाल विद्युत प्राधिकरणलाई विक्री गरी आय आर्जन गर्नु कम्पनीका लागि चुनौती नै रहेको छ । त्यस्तै गरी प्रशारण लाइन सम्पन्न गरी आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति आपूर्ति गर्नु पनि कम चुनौती रहेको छैन ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली, भ्रमण विनियमावली लगायत कम्पनीको आफ्नै स्वीकृत नियम/विनियमावलीहरू नभएको हकमा सञ्चालक समितिको स्वीकृतिमा यस कम्पनीको मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को लागू गरिएको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कर्पोरेट कार्यालय तथा आयोजना कार्यालय सञ्चालन गरिएको छ । आयोजना निर्माणको चरणमा भएकोले प्राय: कर्मचारीहरू करार सेवामा

MBK JCL
ESTD.2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

कार्यरत रहेका छन् । कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट तीन जना, चिलिमे जलविद्युत कम्पनी लि.बाट एक जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिंग एण्ड सर्भिसेस कम्पनी लि.बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिने गरिएको छ ।

**७. आयोजनाको प्रगति :**

आयोजनाको लट १ अन्तर्गतका सिभिल तथा हाइड्रोमेकानिकल कार्यको प्रगति ९९ प्रतिशत रहेको छ । इलेक्ट्रोमेकानिकल उपकरणहरु साइटमा आइसकेको र जडान कार्य द्रुत गतिमा भइरहेको छ । यो प्रतिवेदन तयार गर्दाका बखतसम्म लट २ अन्तर्गतका इलेक्ट्रोमेकानिकल कार्यहरुको प्रगति ९८ प्रतिशत रहेको छ । त्यसैगरी प्रसारण लाइनको निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको छ ।

आयोजनाको समग्र प्रगति ९९ प्रतिशत रहेको छ । आयोजनाको निर्माण कार्य हाल अन्तिम चरणमा रहेको र मिति २०८० मंसिर सम्ममा उत्पादन शुरु गर्ने लक्ष्य लिइएको छ । नेपाल विद्युत प्राधिकरणको बाह्रबिसे सब-स्टेशन समेत सो समयसम्म निर्माण सम्पन्न हुने बुझिन आएको छ ।

**८. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन । थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधैं स्वागतयोग्य ठान्ने छु ।

MBK JCL
ESTD.2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**अनुसूची– १६**
**(धितोपत्र निष्काशन तथा दर्ता नियमावली, २०७३ को**
**नियम २६ को उपनियम (५) सँग सम्बन्धित)**
**विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण**
**तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरुः**

१. संगठित संस्थाको विनियममा संशोधन भएमा- छैन ।
२. तात्विक असर पर्ने व्यवसायिक सम्फौता (Material Business Agreement) -छैन ।
३. तात्विक असर पर्ने व्यवसायीक सम्फौता (Material Business Agreement) को समाप्ती-छैन ।
४. तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरिद/बिक्री सम्बन्धी विवरण-छैन ।
५. कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण - छैन ।
६. व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण -छैन ।
७. सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण -छैन ।
८. लेखापरीक्षक परिवर्तन भएमा - कम्पनीको आ.व.२०८०।०८१ को हिसाबकिताब लेखा परीक्षण गर्नका लागि आगामी वार्षिक साधारण सभाबाट लेखा परीक्षक नियुक्ति गरिने ।
९. संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा- छैन ।
१०. संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा-छैन ।
११. शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा-छैन ।
१२. व्यवसायको प्रकृति परिवर्तन भएमा-छैन ।
१३. लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा -छैन ।
१४. शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा -छैन ।
१५. प्रतिफलको लागि शेयर निष्काशन गरेमा- छैन ।
१६. संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दाः
मध्य भोटेकोशी जलविद्युत आयोजनाका सिभिल तथा हाइड्रो मेकानिकल कार्यका चिनियाँ ठेकेदारका नेपाली स्थानीय प्रतिनिधि श्री माउण्ट एभरेष्ट कर्पोरेट कम्पनी प्रा.लि.ले उक्त ठेकेदार कम्पनीसँगको विवादका कारण यस कम्पनीलाई समेत विपक्षी बनाई सम्मानित श्री काठमाडौं जिल्ला अदालतमा दिएको मुद्दा अदालतले मिति २०८०।०५।२५ मा खारेज गरिदिएको छ ।
१७. संगठित संस्थाबाट जारी गरिएको सूचना - छैन ।
१८. पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा- आवश्यकता अनुसार परिमार्जन गरिएको छ ।
१९. ठेगाना परिवर्तन भएमा -छैन ।
२०. व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी -छैन ।
२१. नामसारी दाखिल खारेज बन्द - छैन ।
२२. कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर-छैन ।
२३. आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा-छैन ।
२४. सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा-छैन ।
२५. संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना-छैन ।

MBK JCL
ESTD.2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

